# शिक्षा लेख सँगालो

(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)

वर्ष २, अङ्क ८, २०६० साउन (July. 2003)

## यस अङ्कमा

**विशेष फिचर**

१) किन ढिलो हुदैछ नक्कली प्रमाणपत्रको छानविन ?: भूपराज खड्का पृष्ठ २

**फिचरहरू**

२) शिक्षण लाइसेन्सप्रतिको उदासिनताः आदेश कर्माचार्य पृष्ठ ५

३) अनुदानको पर्खाइमा म्यागदीका सामुदायिक विद्यालयः घनश्याम खड्का पृष्ठ ६

४) त्रिवि आगलागी प्रकरण : परम्परा बन्ने खतरा : दिनेश वाग्ले पृष्ठ ७

५) सामुदायिक विद्यालयमा अंग्रेजी पढाइ : अमृत भादगाउले पृष्ठ ८

lzIffnfO{ c¿ If]qeGbf sd dxTj lbg gx'g] lgisif{df k'u]sf 5g\ ;dfrf/kqx¿ . oBlk lzIffdf :t/Lo lkmr/ n]vx¿sf] cefj v6\lsPs} 5 . *lzIff kqsf/ ;d"x* n] oxL cefjnfO{ dx;"; u/]/ kqklqsf / cGo ;~rf/ dfWodnfO{ lg/Gt/ ¿kdf lzIffsf ljleGg d'2f ;d]l6Psf lkmr/ n]vx¿sf] ;Fufnf] pknAw u/fpg] cleofg yfn]sf] xf] . ljleGg ;~rf/ dfWoddf ;lqmo eP/ lzIffdf rf;f] /fVg] / :jtGq ¿kdf ;lqmo kqsf/x¿ dfkm{t ;s];Dd :t/Lo n]v ;fdu|L h'6fOg]5 . xfdLn] pknAw u/fPsf] ;fdu|LnfO{ cfkm\gf] kqklqsfdf :yfg lbg'eof] eg] xfdL cfkm\gf] k|of; ;fy{s ePsf] 7fGg]5f}F . o; ;Fufnf]sf ;fdu|L 5flkPkl5 cGtdf lzIff kqsf/ ;d"xnfO{ klg h; lbg'x'g]5 eGg] xfd|f] ljZjf; 5 . k|sflzt ;fdu|Lsf] Psk|lt o; ;d"xnfO{ pknAw u/fOlbg'ePdf xfdLaLrsf] Jofj;flos ;DaGwn] cem emf+lug] df}sf kfpg]5 . :t/Lo lkmr/ ;]jf pknAw u/fpg] xfd|f] k|of; lg/Gt/ /xg]5 .

**lzIff n]v ;Fufnf] Od]ndf pknAw 5 . Od]n k|fKt ug{sf] nflu ;Dks{ ug'{xf]nf .**

सम्पादन : राजाराम गौतम

kqfrf/sf nflu xfd|f] 7]ufgf

## शिक्षा पत्रकार समूह

पो.व.नं. २१८४३, फोन/फ्याक्सः ४२५७६५५
अनामनगर, काठमाडौं ।

इमेल : ejg@ntc.net.np

# किन ढिलो हुदैछ नक्कली प्रमाणपत्रको छानविन ?

**छानविनका लागि संकलन भएका र हुन बाकी शंकास्पद नक्कली प्रमाणपत्रको शुद्ध छानविन गरी नक्कली प्रमाणपत्रधारीलाई आवश्यक कारवाही प्रक्रिया अघि बढाउनु यतिखेर अख्तियारको चुनौती बनेको छ ।**

**भूपराज खड्का**

नक्कली प्रमाणपत्र छानवीनको इस्यू चर्किएपछि राजिनामा दिने शिक्षकको संख्या ह्वात्तै बढेको छ । यसरी राजीनामा दिनेमा सेवा अविधि सकिएर थप समय काम गरिरहेका शिक्षक पर्छन् । सामान्यतया सेवा अवधि सकिएर राजीनामा दिने शिक्षकको संख्या वर्षमा ३/४ हजार हुने गर्छ तर नक्कलीको प्रमाणपत्र छानवीन कार्य सुरु भएपछि चाहिँ हरेक वर्ष कम्तीमा १५ हजार शिक्षकले राजीनामा गर्ने गरेका छन् । यसै वर्ष पनि राजिनामा दिने शिक्षाको संख्या १५ हजार नाघेको छ । शिक्षा मन्त्रालय विद्यालय प्रशासन शाखाका रामप्रसाद बस्याल अधिकांशले नक्कली भएकै कारण बेइज्जति हुने डरले राजीनामा गरेको अनुमान गर्छन् । एकातिर राजीनामाको लहर बढेकोबेला अख्तियारको छानविन प्रक्रिया चाहिँ धिमा गतिमा चलिरहेको छ ।

प्रतिनिधि सभा ज्युँदो हुदा त्यस अन्तर्गतको राज्य व्यवस्था समितिले नक्कली प्रमाणपत्र छानविन कार्यमा तीब्रता ल्याएको थियो । संसद विघटनसँगै राज्यव्यवस्था समिति र मातहतको नक्कली प्रमाणपत्र छानविन उपसमिति निस्क्रिय भएपछि सो समितिको काम त्यहीँ रोकियो । तर नक्कली प्रमाणपत्र छानवीन कार्य नै रोकिएको भने छैन । शिक्षा मन्त्रालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानवीन प्रक्रियालाई अघि बढाइरहेको छ ।

**छानविन सुरू**

आयोगमा प्रमाणीकरणको निम्ति उपलब्ध २४ हजार शंकास्पद शैक्षिक प्रमाणपत्रको छानवीन भइरहेको छ । २४ हजार मध्ये २० हजार शैक्षिक प्रमाणपत्र शिक्षण पेशासँग सम्बद्ध व्यक्तिहरूको नै छ । अख्तियार सूत्रका अनुसार, विद्यालय तहका १७ हजार र कलेजमा पढाउने ३ हजारको प्रमाणपत्र शंकास्पद ठानिएको छ । बाँकी चार हजार प्रमाणपत्र चाहिँ संस्थान, सरकारी कर्मचारी, नेपाल प्रहरीमा सेवा प्रवेश गर्दा वा बढुवाका लागि पेश गरिएका पर्छन् । २६ असारमा आयोगले बताए अनुसार, २३ हजार प्रमाणपत्र प्रमाणीकरणको निम्ति भारतका विभिन्न बोर्ड र विश्वविद्यालयमा पठाइएको छ । जसमध्ये ३ हजार ४ सय ६१ को प्रमाणीकरण भइसकेको छ । प्रमाणीकरण गर्न गएको टोलीले ३ हजार १ सय ७३ लाई सक्कली ठहऱ्याएको छ भने २८८ प्रमाणपत्र नक्कली वा सम्बन्धित बोर्ड/विश्वविद्यालयको रेकर्डमा भेटिएका छैनन । आयोगले १०१ जना नक्कली प्रमाणपत्रधारीमाथि मुद्दा दायर गरेको छ भने ५१२ जनालाई प्रमाणपत्र सक्कलीनै भएको भनी प्रमाणीत समेत गरिदिएको छ ।

हरेक जिल्लामा गठित छानविन समितिले शंकास्पद नक्कली प्रमाणपत्र संकलन गरेर शिक्षा मन्त्रालय पठाइसकेपछि मात्रै ती प्रमाणपत्र अख्तियार अनुसन्धान आयोगमा छानवीनका लागि पठाइन्छ । शिक्षण पेशमा बाहेक सरकारी सेवा, संस्थान वा प्रहरीको भने आयोगले आफै संकलन गर्छ । शिक्षा मन्त्रालयमा विभिन्न जिल्लाबाट शंकास्पद प्रमाणपत्र जति संकलन हुनुपर्थ्यो, त्यो हुन सकिरहेको छैन ।

शिक्षक संख्या दुई हजार एकहत्तर भएको सप्तरी जिल्लाबाट प्राप्त ८ सय ३२ वटा शंकास्पद प्रमाणपत्र अख्तियारले छानवीनका निम्ति मैथली युनरभरसिटी दरभंगा, भारतीय शिक्षा परिषद, उत्तर प्रदेश भारतको द युनिभरसीटी कमिशन लगायत १३ वटा बोर्डमा प्रमाणीकरणको लागि पठाइसकेको छ । मोरङ्ग जिल्लाका ८१७ जना शिक्षकको शंकास्पद प्रमाणपत्र छानविनको निम्त आयोगले अहिलाग्राम विद्यापीठ, विभेन्स युनिभरसीटि इलाहावाद, वराणसी, सस्कृत विश्वविद्यालय, कमर्सियल युनिभरसीटी, इण्डियन एजुकेशन काउन्सिल, गान्धी हिन्दु पीठ लगायत २७ वटा बोर्डमा छानवीनको निम्ति पठाएको छ । झापाका ५ हजार तीन सय ९ शिक्षक मध्ये ६ सय ९१ जनको प्रमाणपत्र छानविन भइरहेको छ । दैलेखमा भने १जना शिक्षकको प्रमाणपत्र मात्रै शंकास्पद मानिएको छ । जवकि सो जिल्लामा १३ सय ३५ जना शिक्षक छन् । कपिलवस्तुमा ११, पाल्पामा ६०१, रूपन्देहीमा ५८१, दाङ्गमा ५५०, सुर्खेतमा २५२, तनहुँमा ३०३, बर्दियामा ३६८ प्रमाणपत्र भारतका विभिन्न विश्वविद्यालय र बोर्डमा छानवीनका निम्ति पठाइएको छन । युसीजीले प्रतिबन्ध लगाएको नेशनल युनिभरसीटि नेताजी सुवासचन्द्र, डीडीवी संस्कृत युनिभरसिटी ओपन विश्वविद्यलाय लखनउ, सेन्टजोन्स युनिभरसिटी लगायत ३६ वटा भन्दा बढी बोर्ड तथा विश्वविद्यालयमा उल्लेखित शंकास्पद प्रमाणपत्रको छानवीन भइरकहेको कुरा आयोगले बताएको छ ।

अधिराज्य भरका सार्वजनिक विद्यालयमा सरकारी दरबन्दीमा १ लाख ७ हजार ८ सय ५३ शिक्षक कार्यरात छन जस्मा ५० हजार शिक्षक अस्थायी छन् । अलिहे यी स्थायी र अस्थायी दरबन्दीका शिक्षकको प्रमाणपत्र छानविन भइरहेको छ । अख्तियारले शंकास्पद प्रमाणपत्र छानवीन कार्य अघि बढाएर सकारात्मक काम गरेको छ तर यो ढिलो र छानविन संयन्त्र प्रभावकारी नभएको टिप्पणी चाहिँ हुन थालेको छ

**कमजोर छानविन प्रक्रिया**

धेरैजसो प्रमाणपत्र छिमेकी मुलक भारतका विश्वविद्यालण्यबाट ल्याइएका हुँदा छानविनको प्रारम्भ त्यतैबाट गरिएका छ। आयोगले विभिन्न उजुरी, छानवीन समितिहरू, शिक्षा मन्त्रालयबाट प्राप्त शंकास्पद प्रमाणपत्रकरूलाई दुई भागमा वर्गीकृत गर्ने गरेको छ (१) विभिन्न भारतीय बोर्डहरूबाट ल्याइएका शैक्षिक प्रमाणपत्र, र (२) विभिन्न भारतीय विश्वविद्यालयबाट ल्याइएका प्रमाणपत्र ।

विभिन्न बोर्डबाट ल्याइएका शंकास्पद प्रमाणपत्र छानवीन गरी प्रमाणीकरण गर्ने जिम्मा उच्च माध्यामिक शिक्षा परिषद् सानोठिमी र विभिन्न विश्वविद्यालयबाट ल्याइएको प्रमाणपत्र छानविनको जिम्मा त्रिभुवन विश्वविद्यालायको पाठ्यक्रम विकास केन्द्रलाई दिइएको छ । यस क्रममा छानविनका निम्ति भारत जाँदाको दैनिक भ्रमणभत्ता चाहिँ आयोगले नै व्यहोर्ने गरेको छ । उच्च माध्यमिक शिक्षा परिषद र पाठ्यक्रम विकास केन्द्रका प्रतिनिधि छिमेकी राष्ट्रका विश्वविद्यालयहरूमा गई प्राप्त प्रमाणपत्रको छानविन गर्दा रेकर्ड नभेटिएका प्रमाणपत्रको पुन छानवीन गर्नलाई चाहि आयोगले प्रमुख जिल्ला अधिकारी मार्फत् १ सय १७ जना अनुसन्धान अधिकृत नियुक्त गरेको छ । जस्तो कि अहिलेसम्मा शंकास्पद प्रमाणपत्रमध्ये २८८ वटाको रेकर्ड भारतीय बोर्ड/विश्वविद्यालयमा भेटिएनन् । ती प्रमाणपत्र बारे थप छानवीन गर्ने काम आयोगले आफै गर्ने छ ।

प्राप्त प्रमाणपत्रहरू सहित भारत जाने र सो नक्कली वा सक्कली हो भनी पत्ता लगाउने काम चाही पाठ्यक्रम विकास केन्द्र र उच्च माध्यमिक शिक्षा परिषद्का कर्मचारीले पाएका छन् । प्रश्न पनि यहीनेर उठाइएको छ के यसरी छानवीन गर्दा वास्तविक नक्कली प्रमाणपत्रधारी भेटिएलान् ?

भारत जाने छानवीन टोलीले माग गरेको बोर्ड वा विश्वविद्यलायमा सो प्रमाणपत्रको सामान्य रेकर्ड मात्रै रहेछ भने पनि त्यसलाई उसले सक्कली ठहराउने गरेको छ। फेरि आयोग बारिहेको जनशक्तिले काम गर्दा नक्कलीलाई सक्कली बनाउने प्रयत्न पनि धेरै हुनसक्छ। सुत्रका अनुसार पाठ्यक्रम विकास केन्द्र र उच्च माध्यमिक शिक्षा परिषद्का नक्कली प्रमाणपत्र छानविन गर्ने प्रतिनिधि र नक्कली प्रमाणपत्र धारीको राम्रो मिलोमतो हुने गरेको छ। एक शिक्षाविद् भन्छन नेपालमै त प्रमाणपको बिक्री हुन्छ भने भारतबाट आएका प्रमाणपत्र सक्कली बनाउने प्रयत्न नहोला भन्न सकिन्न ।' हुन पनि नक्कली प्रमाणपत्र भित्र्याउने गिरोह यो छानवीन प्रक्रियामा नक्कलीलाई सक्कली बनाउने उद्देश्यले लागि परेको छ। तर अख्तियारका आयुक्त कृष्णबल्लभ शर्मा उच्च माध्यामिक शिक्षा परिषद् र पाठ्यक्रम विकास केन्द्र दुबै जिम्मेवार सरकारी निकाय भएकाले उनीहरूले ल्याएको प्रतिवेदनलाई माननुपर्ने बताउँछन् । उनी थप्छन् "ती निकायले नक्कली भनेकालाई मात्रै हामी सीडीओ कहाँ बयानका लागि र मुद्दाको प्रक्रिया अघि बढाउँछौं ।"

तत्कालीन राज्यव्वस्थासमिति अर्न्तगतको नक्कली प्रमाणपत्र छानविन उप समितिका संयोजक महेन्द्र पाण्डेले भनेजस्तै छानवीन प्रक्रियामा राजनीतिक नेतृत्वबाटै पनि नक्कलीलाई सक्कली बनाउने दवाव नआउला भन्न सकिदैन । त्यसो त अख्तियार सुत्रका अनुसार अहिले पनि नक्कली प्रंमाणपत्रको छानवीनलाई राजनीतिक तथा अन्य शक्तिकेन्द्रहरूले प्रभावित पारिहरकोछ। शिक्षा क्षेत्रसँग सम्बद्ध अधिकांश व्यक्तिहरू नेपालमा नक्कली प्रमाण भित्रयाउने गिरोह नै भएको स्वीकार्छन । र त्यसलाई राजनीतिक संरक्षण समेत रहेको बताइन्छ। हजारौंको संख्यामा भित्रिएको नक्कली प्रमाणपत्रले छिमेकी मुलक भारतलाई भने राम्रै फाइदा पुगेको अनुमान गरिन्छ। त्यसकारण नक्कली प्रमाणपत्रको धन्दा रोक्ने यस कार्यलाई निरूत्साहित पार्न सरकारी तवरबाट लाग्दा अप्रत्यक्ष दवाव भारतबाट पनि आउने गरेको सुनिन्छ। जस्तो तत्कालिन शिक्षा मन्त्री आमोदप्रसाद उपाध्याय भनेका थिए नक्कली प्रमाणपत्रको बहसलाई धेरै नबढाउन भारतको कुटनीतिक क्षेत्रवाट पनि दवाव आएको थियो ।' मन्त्री पदमा रहदा व्यक्त उनका यी विचारले पनि नक्कली प्रमाणपत्रको गिरोहको हात कहाँ सम्म छ भन्ने अनुमान गर्न गाह्रो छैन ।

शिक्षा नियमावली अनुसार सरकारले नक्कली प्रमाणपत्रको प्रारम्भिक छानविन वा संकलनको निम्ति प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिशिअ र सरकारी वकील सदस्य रहेको छानवीन समिति बनाएको छ। त्यसै मार्फत जिल्ला जिल्लाबाट नक्कली प्रमाणपत्र अख्तियार या शिक्षा मन्त्रालयलाई उपलब्ध हुने गरेको छ। नक्कली प्रमाणपत्रका दलाल सो समितिलाई प्रभावित पार्नेदेखि अख्तियारले जिम्मा दिएको पाठ्यक्रम र उच्च माध्यमिक शिक्षा परिषद्का कर्मचारीसम्म लाई आफनो बशमा राख्न पछि परेका छैनन । एक जानकार श्रोतका अनुसार, नक्कली प्रमाणपत्र छानवीनको निम्ति भारत गएको टोलीसंग पैसाको थैलो बाकेर उही पुग्ने दलालहरू समेत छन। नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष माधव प्रसाद अधिकारी भन्छन् नक्कली प्रमाणपत्र छानवीनको क्रममा शक्तिकेन्द्र धाउने नक्कलीहरूको ठूलो संख्याले यो प्रक्रियालाई नै चूनौती दिइरहेको छ ।'

अख्तियारले सम्बन्धित बोर्ड विश्वविद्यलाय पुगेर फर्केको टोलीले सक्कली भएकै आधारमा उक्त प्रमाणपत्रलाई सक्कली भनी प्रमाणीकरण गर्न थालेको छ। जसले गर्दा नक्कली प्रमाणपत्र खरिद कर्ता अहिले आफ्ना दालाल मार्फत सम्बन्धित बोर्डमा पुगेर नामावली समावेश गर्ने काममा जुटेको श्रोत बताउँछ ।

**कार्वाही होला ?**

निजामति सेवा ऐन २०२८ मा बढुवा मा अत्तिरिक योग्यतालाई अतिरित्त नम्बर दिने व्यवस्था भएपछि नेपालमा नक्कली प्रमाणपत्र भित्रिने लहर नै चलेको थियो। भलै त्यस अघि २००७ साल ताका नै नक्कली प्रमाणपत्र भित्रिन थालिसेकेको बताइन्छ। मुख्यत सरकारी सेवमा बढुवा पाउने अभिप्रायले नक्कली प्रमाण पत्र भित्रिन थाल्यो तर विस्तारै सेवा प्रवेश गर्ने पनि नक्कली सहारा लिन थालियो। विभिन्न प्रयोजनको निम्ति सबैभन्दा बढि भारत र त्यसबाहेकका राष्ट्रबाट पनी नक्कली प्रमाणपत्र ल्याएर सरकारी सेवामा शिक्षण पेशमा लागेकाहरूको संख्या समेत यकिन गर्न सकिएको छैन।

नक्कली प्रमाणपत्र समस्याको रूपमा रहेपनि यसको विरूद्ध अवाज उठाइएको भने २०५६ सालमा मात्रै हो। १ भदौ २०५६ मा अधिवक्ता बालकृष्ण न्यौपानेले अधिराज्यमा कार्यरत ३० प्रतिशत शिक्षक गैरनागरिक, ३० प्रतिशत नक्कली प्रमाणपत्रधारी, ४० प्रतिशत असक्षम शिक्षकहरू रहेको दावी सहितको सर्वोच्चमा रिट निवेदन हालेपछि यो मुद्दा अगाडि आएको हो। त्यसपछि नेपाल राष्ट्रिय शिक्षक संगठन र संघले पनि नक्कली प्रमाणपत्र छानवीन गर्नुपर्ने अवाज उठाए। संसदमै पनि सो विषय उठेपछि २०५९ सालमा जारी शिक्षा नियमावलीमा नक्कली प्रमाणपत्र छानविन समितिले प्राबधान राखियो। यसरी शुरू भएको नक्कली प्रमाणपत्र को छानवीन कार्यलाई अहिले अख्तियारले अगाडि बढाइरहेको छ। तर छानविनको संयन्त्र, नक्कली प्रमाणपत्रको गिरोहको दौडधुप आदि बारे जान्नेहरू प्रश्न गर्न थालेका छन्  अख्तियारले नक्कलीलाई नै सक्कली बनाउने त हैन ?

शिक्षाको अवस्था हरेक वर्ष गिर्दो छ। सार्वजनिक विद्यालयमा यसै वर्ष २२ प्रतिशत मात्रै विद्यार्थीले एसएलसी पास गर्न सक्नुले पनि विद्यालयको शैक्षिक अवस्था मा धेरै सुधार गर्नुपर्ने देखिएको छ। शैक्षिक गुणस्तर बृद्धिमा बाधकको रूपमा रहेको नक्कली प्रमाणपत्रलाई शिक्षा पेशाबाट विस्थापन गरी योग्य शिक्षकहरूको परिपुर्ति गर्नु जरूरी् भइसकेको छ। त्यसकारण नक्कली प्रमाण पत्रले समस्या समाधान नै यतिखेरको शैक्षिक सुधारको पहिलो एजेण्डा बन्नुपर्छ।

**समाधानका उपाय**

समाजका लागि नैतिकवान नागरिक उत्पादन गर्नुपर्ने दायित्व भएका शिक्षककै प्रमाणपत्र जाँच गर्नुपर्ने अवस्था आउन भनेको सकारात्मक संकेत होइन। तर जिम्मेवार पेशासँग आवद्ध नै असक्षम छन् भने त्यहाँ शुद्धता ल्याउनु चाहिँ जरूरी हुन्छ। छानविनका लागि संकलन भएका र हुन बाँकी शंकास्पद नक्कली प्रमाणपत्रको शुद्ध छानविन गरी नक्कलीलाई आवश्यक कारवाही गर्नु अख्तियारको प्रमुख चुनौती हो। त्यसैले उसले अहिलेको छानविन प्रक्रियामा देखे भेटेका सम्पूर्ण त्रुटिलाई सच्याउँदै सचेत ढंगले छानविनलाई अघि बढाउनुपर्छ।

नक्कली प्रमाणपत्रको छानविन नै गर्नु नपर्ने परिस्थिति चाहिँ त्यतिबेला आउँछ, जुनबेला सरकारी सेवामा प्रवेश गर्दा नै सरकारले प्रमाणपत्रको छानविन गरेर मात्रै नियुक्ति या बढुवा गर्छ। नक्कली प्रमाणपत्रधारीलाई र नियुक्ति दिनेलाई समेत कारवाही गर्ने, नक्कली प्रमाणपत्र भित्र्याउन गिरोहलाई पत्ता लगाई कारवाही गर्न सकेमा पनि निकै हदसम्म यो समस्याबाट छुटकारा मिल्न सक्छ। शिक्षा ऐन सातौं संशोधनले अगाडि सारेको अध्ययन अनुमतिपत्रको प्रावधानलाई प्रभावकारी ढंगले लागू गरेमा पनि नक्कली प्रमाणपत्रधारी निरूत्साहित हुन सक्छन्। तर अध्ययन अनुमतिपत्रको प्रभावकारी ढंगले कार्यान्वयन हुन सकेको छैन।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

)()(

# शिक्षण लाइसेन्सप्रतिको उदासिनता

**अहिलेसम्म कति शिक्षकले अध्यापन अनुमतिपत्र लिए ? राष्ट्रिय शिक्षक सेवा आयोगसग यसको जवाफ त छैन नै, यसको अनुगमन गर्नेतिर पनि उसले चासो दिएको छैन ।**

**आदेश कर्माचार्य**

जनजागरण विद्याआश्रम निम्नमाध्यामिक विद्यालयकी शिक्षिका कमला पाण्डेसँग शिक्षण अनुमति पत्र छैन । तर उनी विगत दुई वर्षदेखि सो विद्यालयमा विज्ञान विषय पढाइरहेकी छिन् । सामुदायिक र संस्थागत दुबै विद्यालयमा पढाउनका लागि अनुमति पत्र लिनुपर्ने व्यवस्था भएपनि शिक्षिका पाण्डेलाई अनुमति पत्र लिनुपर्छ भन्ने थाहा छैन । शिक्षिका पाण्डेमात्र होइन, संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष मुकुन्द गौतमका अनुसार, देशभरका निजी विद्यालयमा कार्यरत करिव ८० हजार शिक्षकहरूले अनुमतिपत्र पाएका छैनन् । जनजागरण विद्या आश्रमका प्रधानाध्यापक हरि लामकाडे निजी विद्यालयका शिक्षकले अनुमति पत्र लिनुपर्ने व्यवस्था नभएकोले आफ्नो विद्यालयका कुनै पनि शिक्षक/शिक्षिकाले अनुमति पत्र नलिएको बताउँछन् । त्यसो त सरकारी विद्यालयकै पनि अधिकांश शिक्षक/शिक्षिकाले शिक्षण अनुमति पत्र बिना नै अध्यापन गरिरहेका छन् ।

वर्तमान शैक्षिक गुणस्तरलाई समयमा नै सुधार नगर्ने होभने भविष्यमा गम्भीर क्षति व्यहोर्नुपर्ने सङ्केत २०५९ सालको एस.एल.सी. परीक्षाको नतिजाले देखाइसकेको छ । शिक्षाको गुणस्तर सुधार्न शिक्षक/शिक्षिकाको गुणस्तर सुधार्नु जरूरी हुन्छ । शिक्षा क्षेत्रमा नक्कली प्रमाणपत्रधारीको प्रवेश रोक्न तथा शिक्षककै गुणस्तर बृद्धि गर्ने उद्देश्यले शिक्षक अनुमति पत्रको अवधारणा अघि सारिएको हो । नेपाल शिक्षक संघका अध्यक्ष केशव भट्टराई भन्छन् "राजनीतिक तहबाट मनोमानी ढङ्गले शिक्षक नियुक्ति हुन थालेपछि गुणस्तरहीन व्यक्तिहरू पनि शिक्षक पेसामा आउन थाले । जसले गर्दा शिक्षण अनुमतिपत्रको आवश्यकता महसुस गरिएको हो ।" भट्टराईका अनुसार नेपाल शिक्षक संघले २०५५ सालमै यो मुद्दा अघि सारेको थियो ।

दयनीय हुँदै गएको शिक्षाको गुणस्तरलाई माथि उठाउन अध्यापन अनुमति पत्रको व्यवस्थाले महत्वपूर्ण सहयोग पुऱ्याउन सक्ने शिक्षाविद्हरूले निष्कर्ष निकालेपछि २०५८ सालमा शिक्षक सेवा आयोगलाई शिक्षण अनुमति पत्र नियम बमोजिम बितरण गर्ने जिम्मा दिइयो । २०५९ असोज महिनामा अनुमति पत्रका लागि आयोगले परीक्षा सञ्चालन गऱ्यो ।

राष्ट्रिय शिक्षक सेवा आयोगका सचिव दिलराज उपाध्यायको विचारमा शिक्षक नियुक्त गर्दा जस्तोसुकै व्यक्ति पनि नियुक्त भएका र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नातेदार मात्र शिक्षक पदमा भर्ना भए भन्ने जनगुनासो सुनिएपछि यसलाई रोक्न शिक्षक अध्यापन अनुमति पत्रको व्यवस्था गरिएको हो । उनी भन्छन् "शिक्षक पेसा शुद्ध प्राविधिक पेसा हो । अन्य प्राविधिक पेसामा जस्तो डाक्टर, इन्जिनियरहरूले लाइसेन्स' लिएर मात्र काम गरेजस्तै शिक्षकले पनि लाइसेन्स बिना काम गर्नु हुँदैन ।" तर लामो समयदेखि शिक्षण पेशामा लागेका शिक्षक चाहिँ यो नीतिप्रति रूष्ट देखिए । अध्यक्ष भट्टराई भन्छन् "सबै शिक्षकलाई एकै तरिकाले अन्तर्वार्ता लिएर मात्र अनुमति पत्र बितरण गर्ने सरकारी निर्णयले लामो समयदेखि काम गर्दै आएका शिक्षकको आत्मसम्मानमा चोट पुऱ्याएको छ । त्यसैले शिक्षकहरू अनुमतिपत्र लिने कुरामा उदासिन देखिए ।" तर निजी विद्यालयको समस्या भने फरक छ । संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष मुकुन्द गौतम भन्छन् "अधिकांश निजी विद्यालयका शिक्षक/शिक्षिकाले नियुक्तिपत्र पाएका छैनन् । नियुक्तिपत्र नपाएका कारण सञ्चयकोष तथा पारिश्रमिकमा शोषण भएको मात्र होइन शिक्षण अनुमति पत्र पनि पाउन सकेका छैनन् ।"

शिक्षा विभागको तथ्याङ्क अनुसार सार्वजनिक तथा निजी विद्यालयतर्फ कार्यरत शिक्षकहरूको सङ्ख्या एक लाख ४२ हजारभन्दा पनि बढी छ । तर हालसम्म कतिजना शिक्षकले अनुमति पत्र लिइसकेका छन् भन्ने स्पष्ट तथ्याङ्क आयोगसँग छैन । आयोगका प्राविधिक सहायक दुर्गा पराजुलीका अनुसार हालसम्म ५८ जिल्लाबाट अध्यापन अनुमति लिएका शिक्षकहरूको तथ्याङ्क प्राप्त भएको छ । तर आयोगले हालसम्म त्यो सङ्ख्या कति छ भन्ने वास्तविक तथ्याङ्क निकालिसकेको छैन ।

शिक्षा (सातौँ संशोधन) ऐन, २०५८ माघ २५ गतेदेखि लागू भएपछि ऐनको दफा ११(ड) को उपदफा ४ ले ६ महिनाभित्र अस्थायी अनुमति पत्र लिनुपर्ने व्यवस्था गरेको छ । तर ऐन लागू भएको डेढ वर्ष बितिसक्दा अनुमति पत्र लिने शिक्षक सङ्ख्या कूल शिक्षक सङ्ख्याको आधा पनि नभएको अनुमान छ । सम्बन्धित निकायले यसतर्फ हालसम्म अनुगमनको सोंच समेत बनाएको छैन । ललितपुर जिल्ला शिक्षा अधिकारी बलिरामप्रसाद सिंह भन्छन् "अनुमतिपत्र लिन आएकालाई दियौँ तर घर घर गएर लियो लिएन भनी हेर्ने काम गर्न सकिँदैन ।"

आयोगका उपसचिव रामप्रवेश यादव शिक्षक अध्यापन अनुमतिपत्रको सबैभन्दा समस्या नै यसको निरीक्षण र अनुगमनमा देखिएको बताउँछन् । उनी भन्छन् "लाइसेन्स प्राप्त गऱ्यो कि गरेन, अनुगमन नगर्ने हो भने यो लिए पनि भयो नलिए पनि भयो नि !" अनुमति नलिने शिक्षकहरूलाई के कारवाही गर्ने भन्ने कुरा पनि नियमावलीमा स्पष्ट उल्लेख छैन । ललितपुर जिशिअ सिंह भन्छन् "लाइसेन्स नलिनेले नयाँ नियुक्ति पाउन सक्दैन, तर काम गरिरहेकाले नलिए के गर्ने भन्ने व्यवस्था

नियमावलीमा छैन ।" उपसचिव यादवको विचारमा "पहिला जिल्ला शिक्षा कार्यालयको स्वीकृति लिएर मात्र शिक्षक भर्ना गर्नुपर्थ्यो तर अहिले विद्यालय व्यवस्थापन समितिले नै अस्थायी शिक्षक नियुक्त गर्छ । यसको जानकारी जिशिकाले पाउने हुँदा शिक्षकको योग्यता जाँच गर्ने काम पनि जिशिकाकै हो ।" तर भक्तपुर जिल्ला शिक्षा कार्यालयका एक शाखा अधिकृत भन्छन् "निरीक्षण र अनुगमनका लागि स्रोत व्यक्ति र विद्यालय निरीक्षकको व्यवस्था छ ।"

शिक्षा ऐन, २०२८ (सातौं संशोधन)ले शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन' भन्ने स्पष्ट व्यवस्था गरेको छ । तर सिराहाको प्रिपाहा (झुम्का) स्रोत केन्द्रका स्रोतव्यक्ति केदार अधिकारीका अनुसार जिल्लाका १० प्रतिशत शिक्षकलाई पनि अनुमति पत्र वितरण गरिएको छैन । शिक्षकले अनुमति पत्र लिनुपर्ने प्रावधान कति उचित छ त भन्ने प्रश्नमा नेपाल शिक्षक सङ्गठनका महासचिव बाबुराम अधिकारी भन्छन् "शिक्षा क्षेत्रमा खराब मानिस नआओस् भन्ने यसको उद्देश्य भएकोले यो प्रावधान उचित छ तर व्यवहारमा पूर्णतः लागू भइसकेको छैन ।" शिक्षक सेवा नियमावली २०५७ को नियम १० मा गैरनेपाली नागरिक' शिक्षण अनुमति पत्र प्राप्त गर्न अयोग्य हुने भनिएको भए पनि हजारौंको सङ्ख्यामा रहेका निजी विद्यालयहरूमा कार्यरत गैरनेपाली शिक्षकहरूलाई के गर्ने भन्ने अन्यौल छ । तर आयोगका उपसचिव यादव भन्नुहुन्छ "कतिपय गैरनेपाली व्यक्ति स्थायी शिक्षकको दरबन्दीमा छन्, तिनीहरूलाई त लाइसेन्स दिनैपर्‍यो ।" यस्ता शिक्षकहरूले कति ठाउँमा नियम विपरीत अनुमति पत्र प्राप्त गरेका छन् भने कैयौं ठाउँमा ऐनको प्रावधान विपरीत बिना अनुमति पत्र अध्यापन कार्य गरिरहेका छन् ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# अनुदानको पर्खाइमा म्याग्दीका सामुदायिक विद्यालय

**विद्यालय सुधारमा समुदायको सहयोग पाउदा उत्साहित भएका म्याग्दीका सामुदायिक विद्यालयमा सरकारी अनुदान समयमै नपुग्दा विद्यालय सञ्चालकहरू निराश हुन थालेका छन् ।**

**घनश्याम खड्का**

म्याग्दीको सदरमुकाम बेनीदेखि ४ किमि पश्चिम पुलाचौरमा रहेको बालजागृत प्राथमिक विद्यालयको रौनक हिजोआज हेर्न लायकको हुन्छ । विद्यार्थी, शिक्षक शैक्षिक गतिविधिमा चासो दिएरै लागेका छन् । शायद शैक्षिक वातावरणमा आएको यही परिवर्तनलाई देखेर हुनुपर्छ, पुलाचौरमा स्थानीयवासी आफ्नो गाउँको सो विद्यालयलाई नमूना विद्यालय' भन्न थालेका छन् ।

विद्यालय व्यवस्थापनको जिम्मा स्थानीय समुदायले लिएपछि यसखाले परिवर्तनको आभाष मिलेको हो । सरकारको प्राथमिक विद्यालय व्यवस्थापनको जिम्मेवारी समुदायलाई हस्तान्तरण गर्ने नीति अनुरूप म्याग्दी जिल्लाका बालजागृत प्रावि र हिमालय प्रावि समुदायको जिम्मा लगाइएको छ । हिमालय प्रावि सदरमुकामबाट उत्तरतर्फको दुर्गम गाउँ भुरूङ्ग तातोपानीमा छ भने बालजागृत प्राविचाहिँ पश्चिमतर्फको पुलाचौर गाउँमा रहेको छ ।

अभिभावकले चासो देखाएमा स्थानीय विद्यालयले सहजै सफलतातर्फ अग्रसर हुन्छ भन्ने कुराको प्रमाण बनेको छ, बालजागृत प्रावि । २०४६ साल जेठमा स्थानीय समुदायकै सक्रियतामा खुलेको यस विद्यालयमा अहिले १ सय २० जना विद्यार्थी अध्ययनरत छन् । स्थानीय अभिभावकमा विद्यालयप्रति जागेको स्वामित्वको भावना नै विद्यालय सुधारतर्फ अग्रसर हुनुको पहिलो आधार हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर बानियाँ भन्छन् "सरकारी स्वामित्वमा रहँदा राजनीतिक हस्तक्षेपको प्रभावले असर गरेको थियो । तर अहिले समुदायले लिएपछि विद्यालय हाम्रो भन्ने भावना स्थानीयवासीमा पलाएको छ ।" विद्यालयले शैक्षिक गुणस्तरका निम्ति विभिन्न सुधारका कार्यक्रमहरूको सुरूवात गरेको छ । ५ वर्ष मुनिका बालबालिकालाई पूर्व प्राथमिक शिक्षा दिन कार्तिक महिनादेखि बालहित बालविकास केन्द्र खोलिएको छ । जसमा २८ जना बालबालिका संरक्षित छन् । ती बालबालिकालाई हेरचाह र पढ्ने बानी लगाउने अभिप्रायले निजी श्रोतबाट एक शिक्षिकाको व्यवस्था समेत गरिएको छ ।

विद्यालयले भर्खरका कलिला बालबालिकाको निम्ति बाल ज्ञान भण्डार नामको पुस्तकालय खोलिदिएको छ । बालबालिकालाई विद्यालय पढाइको प्रारम्भिक दिन देखि नै अतिरिक्त ज्ञान दिलाउने उद्देश्य अनुरूप पुस्तकालय खोलिएको हो । सो पुस्तकालयका निम्ति आवश्यक पाठ्यपुस्तक रूम टु रिड र नेपाल बाल संगठनले उपलब्ध गराइदिएका छन् ।

सो सामुदायिक विद्यालयमा सुरू भएको सुधारको श्रृंखला यतिमै सीमित छैन । बालबालिकालाई पढाइ जतिकै मनोरञ्जन र खेलकुद पनि हो भन्ने कुरा विद्यालयले राम्रैसँग बुझेको छ । विद्यालय छेवैमा निर्माण गरिएको बालउद्यानले यस कुराको पुष्टि गर्छ । सो बाल उद्यानमा खेली बालबालिकाले भरपूर मनोरञ्जन लिने गर्छन् । प्राथमिक तहका विद्यार्थी आफै संगठित भएर

विद्यालयमा प्रगति बालक्लव गठन गरेका छन् । जुन क्लवले विद्यार्थीहरूलाई प्राथमिक उपचारका निम्ति आवश्यक औषधिको जोहो समेत गरेको छ । स साना विद्यार्थीको यस सह्रानीय कार्यको प्रशंसा गर्दै विद्यालयले सहयोग समेत गर्ने गरेको छ । विद्यालयका प्रधानाध्यापक भक्त कार्की विद्यालय सुधारका यी उल्लेखित प्रयासलाई सुखद मान्छन् । तर सँगै विद्यालयमा समस्या भएको पनि बताउँछन् । भन्छन् "विद्यालयलाई सबैभन्दा बढी खतरा छेवैमा बग्ने म्याग्दी नदीले गर्न सक्ने कटानको समस्या हो ।" ५ कक्षासम्म सञ्चालित विद्यालयमा पढाउने चारवटा मात्रै कोठा हुनु अर्को ठूलो समस्या सो विद्यालयमा छ । व्यवस्थापन समितिका अध्यक्ष कमलबहादुर बानियाँ दुखेसो पोख्दै भन्छन् "एउटै कोठामा दुईवटा कक्षाका विद्यार्थी राखेर पढाउनुपर्ने बाध्यता छ ।"

सरकारले समुदायिक विद्यालयलाई अनुदान स्वरूप १ लाख उपलब्ध गराउने घोषणा गरेपछि म्याग्दीका बालजागृत या हिमालय प्रावि दुबैले सो रकम पाउन सकेका छैनन् । बालजागृत प्राविका प्रधानाध्यापक भक्त कार्की सो रकम नहुँदा विद्यालय सञ्चालनमा कठिनाई भएको बताउँछन् । अहिले विद्यालयको कोषमा रकम नहुँदा कक्षा कोठा थप्ने देखि आवश्यक भौतिक संरचना तयार गर्न नसकेको गुनासो उनको छ । अर्को सामुदायिक विद्यालय हिमालय प्रावि भुरूङ्का प्रधानाध्यापक जयन्द्र विकको पनि पिरलो उस्तै छ । उनको प्रश्न छ, सरकारले जिम्मेवारी पन्छाउने काम मात्रै गऱ्यो । शिक्षक छैनन्, बजेट छैन, कसरी स्कुल चलाउनु ?

एकातिर आवश्यक बजेटको अभावमा भौतिक साधन श्रोत जुटाउन गाह्रो परिरहेको छ भने उता सामुदायको सक्रियतापछि शिक्षक/विद्यार्थीमा पढाइप्रति विद्यालयप्रतिको लगनशीलता बढेको छ ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

# त्रिवि आगलागी प्रकरण : परम्परा बन्ने खतरा

**एक वर्षको अन्तरालमा त्रिविका अंग्रेजी र शिक्षा विभागमा आक्रोशित विद्यार्थीको भीडले आगलागी गरेपछि त्रिवि समुदायमा बुढी मरी भन्दा पनि काल पल्केला भन्ने चिन्ताले पिरलेको छ ।**

**दिनेश वाग्ले**

गत असार २० गते शिक्षा विषयमा स्नातकोत्तर दास्रो बर्षका विद्यार्थीले त्रिभुवन विश्वविद्यालयको शिक्षा विभागमा गरेको आगलागी नेपाली शैक्षिक क्षेत्रमा नौलो दुर्घटना' भएन । गत बर्ष अङ्ग्रेजी विभागलाई यही स्तरका विद्यार्थीले आफूहरू पास नभएको या भएपनि कम नम्बर आएको झोकमा आगो लगाइदिएर ध्वस्त बनाएका थिए । सायद अंग्रेजी विभाग जलाउनु शिक्षा विभागका विद्यार्थीको निम्ति उदाहरण मात्रै होइन पूर्वाधार समेत बन्यो । अब डर यही मात्र छ छिट्टै नै अर्को विभागका विद्यार्थीहरूले पनि यसलाई निरन्तरता देलान् र यसले परम्पराकै रूप लेला । आफ्नो विभाग (जहाँ कार्यालय पनि हुन्छ) मा आगो लागेपछि विरक्तिएर विश्वविद्यालय जान छाडेका तत्कानीन विभागीय प्रमुख, अङ्ग्रेजी विषयका प्राध्यापक, अभि सुवेदीको नियति अन्य प्राध्यापकले पनि भोग्नुपर्ने सम्भावना अब प्रवल भएको छ ।

फेल हुने कुनै पनि विद्यार्थी विरलै सन्तुष्ट हुन्छ । पास हुनेलाई पनि आफूले सोचेजति नम्बर नआएकोमा चित्त बुझेको हुदैन । तर के त्यो असन्तुष्टि व्यक्त गर्ने एकमात्र उपाय तोडफोड या आगलागी नै हो त ? आफैले पढेको स्थानमा आवश्यक भौतिक सम्पत्ति नष्ट गर्दा के सन्तुष्टि मिल्यो त ? विद्यार्थीहरूको पछिल्लो तोडफोड पछि समाजका विभिन्न क्षेत्रबाट उठाइएका प्रश्न हुन् यी । शिक्षा शास्त्र संकायका डीन प्राध्यापक नरेन्द्रबहादुर श्रेष्ठ भन्छन् "यस्तो क्रियाकलापको सबैले भर्त्सना गर्नुपर्छ । यो काम वास्तविक विद्यार्थीहरूको हुन सक्दैन ।" पछिल्लो तोडफोडको घट्नाबारे छानविन गर्न गठिन समितिका संयोजक श्रेष्ठ यसमा घट्नामा राजनीतिक प्रभाव रहेको ठान्छन् । "राजनीतिक असर हुनुहुदैन", उनी बताउछन् "तर केही समश्या परेको छ भने विद्यार्थीले पनि संयमता अपनाउनु पर्छ, छलफलबाट समश्या समाधान गर्नु पर्छ ।"

विद्यार्थीहरूका पनि आफ्नै भनाइ छन् । उनीहरू आफूले परिक्षामा निकै राम्रो गरेपनि त्यसअनुरूपमा फल नपाएको गुनासो गर्छन् । उता एकजना भुक्तभोगि विद्यार्थी, जो अहिले अङ्ग्रेजी विषयमा स्नातकोत्तर दोस्रो बर्षमा पढ्छन् र शिक्षक विरूद्ध अहिले नै असन्तुष्टि पोख्दा उनीहरू पुर्वाग्रही भएर परिक्षामा नम्बर नपाइएला भन्ने डरमान्छन् । उनको भनाइमा "हामी शिक्षकहरूको साइकोलोजिकल टेरर (मनोबैज्ञानिक आतङ्क) मा रहन बाध्य छौं । कक्षामा उनीहरू हामीलाई बारम्बार कपी जाच्ने मै हु, तिमीलाई ४० नम्बर मात्र दिन्छु' या तिमी फेल हुन सक्ने सम्भावना छ' जस्ता वाक्यमार्फत तनाव दिइरहेका हुन्छन् ।" वास्तवमा परिक्षा अगाडि कपी यसैले जाच्छ भनेर निर्णय गरिएको हुदैन र कपी जाचेका शिक्षकहरूले पनि मैले कपी जाचे या अब जाच्दैछु भन्दै हिड्न पनि मिल्दैन । विद्यार्थीहरूको अर्को आरोप छ हामीलाई सेवा आयोगमा छिर्न नदिन प्राध्यापकहरूले हाम्राविरूद्ध परिक्षादेखि नै प्रपन्च गर्छन् । त्रिभुवन विश्वविद्यालयमा पढाउन चाहनेले स्नातकोत्तर परिक्षामा कम्तीमा दितीय

श्रेणीमा उत्तीर्ण हुनुपर्छ। अन्यथा विश्वविद्यालयको सेवा आयोगलेले सञ्चालन गर्ने भर्ना प्रकियामा सहभागी हुन पाइदैन। प्रथम श्रेणीमा पासहुनेले सिधै पढाउन पाउछन् जसको संख्या न्यून हुन्छ।

यी आरोप बीच रहेर समश्याको जड खोज्नेहरू नेपाली शिक्षा नीतिका खोटहरूमा पुगेर अड्किन्छन्। हाम्रो शिक्षा प्रणाली 'घोकन्ते विद्या'मा आधारित छ। परिक्षार्थीको सिर्जनात्मकतालाई कत्तिपनि ध्यान दिइदैन, घोकन्तेहरू मात्र पास हुन्छन्। अनि एउटाले पाठ्यक्रम बनाउने, अर्कोले पढाउने, अर्कैले प्रश्न पत्र तयार गर्ने र अर्कैले उत्तरपुस्तीका जाच्ने चलनले परिक्षा प्रणालीलाई झन जटिल बनाएको छ। "त्यसैले जुन शिक्षकले पढाउने हो, त्यसैले कोर्स डिजाइन गर्नेदेखि पढाउने, प्रश्न बनाउने तथा उत्तर पुस्तिका जाच्ने चलन थाल्नु पर्छ", त्रिभुवन विश्वविद्यालयका एकजना प्राध्यापक कृष्ण भट्टचनको सुझाव छ "सक्षम शिक्षक भर्ना गरिनुपर्छ र उनीहरूलाई बढी जिम्मेवार बनाइनु पर्छ। राम्रो गर्नेलाई पुरस्कारको व्यवस्था गरिनुपर्छ, अन्यलाई तत्कालै फायर गर्नु पर्छ।" तर, यो सुझाव त्रिविमा लागूहोला भन्नेकुरा भट्टचन आफै पत्याउदैनन्। उनी हाल विश्वविद्यालयका "धेरैजसो शिक्षक अयोग्य भएको" र आफूलाई अधिकार भएमा "८० प्रतिशतलाई फायर गर्नेथिए" भन्छन्।

त्रिविका केन्द्रिय विभागका शिक्षकमाझको गुटबन्दीले पनि माथ्लो स्तरको पढाइमा गतिरोध सिर्जना गरेको अनुभव विद्यार्थीहरूको छ। विद्यार्थीहरू पनि कम जिम्मेवार छैनन्। कक्षा क्षमताबारे राम्रो जानकारी पाएरै पनि विद्यार्थी संगठनहरू क्षमता भन्दा बढी भर्नाका लागि विश्वविद्यालयलाई दवाब दिन्छन्। "छ सय क्षमता भएको ठाउमा जबरजस्ती आठसय भन्दा बढी विद्यार्थी भर्ना गराउन लगाइन्छ", डीन श्रेष्ठ भन्छन् "अनि स्तरीय शिक्षा कसरी दिन सकिन्छ ? यो कुरा विद्यार्थीहरूले पनि बुझ्नु पर्छ।" कतिपय विद्यार्थी कक्षामा नियमित आउदैनन्, आएकाले पनि कक्षामा हुने भीडका कारण शिक्षकको स्वर राम्ररी सुन्न पाउदैनन्। त्यस्तै, शिक्षकहरूको समानुपातिक वितरण नहुनु पनि समश्याको अर्को कारक हो। कुनै विभागमा थोरै विद्यार्थीका लागि धेरै शिक्षक छन्, कुनैमा धेरै विद्यार्थीका लागि शिक्षक नपुगिरहेको पाइन्छ। "कतिपय कक्षा त गाइ गोठ जस्तै हुन्छन्," भट्टचन भन्छन् "समश्या विद्यार्थी भर्नादेखि नै शुरू हुन्छ र कक्षामा पढाउन्जेल, परिक्षाहलमा जारी रहदै त्यसको नतिजा सम्म कायमै रहन्छ।"

डीन श्रेष्ठ "विद्यार्थीको समेत भनाइ बुझेर घट्नाको छानविन गरिरहेका छौं" भन्छन्। "गल्ती हामीबाट पनि हुनसक्छ र विद्यार्थीबाट पनि। त्यसलाइ सुधारेर बढ्नु महत्वपुर्ण कुरा हो। संभवतः विद्यार्थीहरूले पनि आफुहरूबाट गल्ती भएको महशुस गरिसकेको हुनुपर्छ।" तर के विश्वविद्यालयले पनि आफ्नो कमजोरी महशुस गरिसक्यो होला त ?

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*

⁂

# सामुदायिक विद्यालयमा अंग्रेजी पढाइ

**निजी विद्यालयसगको प्रतिस्पर्धामा उत्रिन पोखराका सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा अध्यापन गराउन थालिएको छ।**

**अमृत भादगाउले**

पोखराको मौला इस्लामिक सामुदायिक प्रा.वि.मा एकैपटक दुई थरि पढाइ हुन्छ। बिद्यालयको भुईंतलामा नेपाली माध्यमको र माथिल्लो तलामा अंग्रेजी माध्यमको पढाइ भइरहेको छ। भुईंतलामा पढ्नेले मासिक फी तिर्नुपर्दैन। तर माथिल्लो तलामा पढ्नेले मासिक २ सय ५० तिर्नुपर्छ।

यसपालादेखि भुईंतलामा कक्षा १ हटाइएको छ। अहिले २ देखि कक्षा ४ सम्मको पढाइ हुन्छ। तर अंग्रेजी माध्यममा भने कक्षा २ सम्मको पढाइ भइरहेको छ। गत वर्ष सरकारले प्राविहरू समुदायलाई जिम्मा दिने नीति बनाएपछि मौला इस्लामिक सामुदायिक प्रा.वि.ले अंग्रेजी माध्यमको पनि पढाइ सुरू गरेको हो।

यो बिद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष हाजी हनिफ मियाँ भन्छन् "हाम्रा बिद्यार्थीलाई गुणस्तरीय शिक्षा दिनुपर्छ भनेर हामीले अंग्रेजी माध्यमबाट पढाइ सुरू गरेका हौं। ३ वर्ष भित्र नेपाली माध्यमलाई पूरै हटाउनेछौं।" तीन शिक्षकको सरकारी दरबन्दी भएको सो स्कुलमा ती शिक्षकले नेपाली माध्यमबाट पढाइरहेका छन्। अंग्रेजी माध्यमका लागि बिद्यालयले ७ निजी शिक्षकको व्यवस्था गरेको छ। "हामीले बिद्यार्थीबाट शुल्क उठाएर र नपुगेको खल्तीबाटै हालेर बिद्यालय चलाएका छौं" उनले भने।

बिद्यालयमा अधिकांश मुस्लिम बिद्यार्थी पढिरहेका छन्। त्यसैले हरेक दिन यहाँ उर्दु र अरबी पनि पढाइन्छ। निजी विद्यालयसँगको प्रतिस्पर्धामा उत्रिनको निम्ति यो सामुदायिक विद्यालयले अंग्रेजी माध्यमको पढाइ सुरू गरेको हो। गुणस्तरीय शिक्षा दिने हेतुले सो स्कुल प्रशासनले आवश्यक भौतिक संरचना निर्माण समेत गरेको छ।

गत वर्ष बिद्यालय जिम्मा लिएपछि उत्साही समुदायले ७ लाख खर्चेर आधुनिक बिद्यालय भवन बनाएका छन् । यसमा पोखरा उपमहानगरपालिकाले २० प्रतिशत रकम सघाएको थियो ।

समुदायले जिम्मा लिएका कास्कीका सबै बिद्यालयले अंग्रेजी माध्यमबाटै पढाउने सोचाइ बनाइरहेका छन् । ढिकुरपोखरी गाविसमा रहेको श्री परशु सामुदायिक प्रा.वि.ले त ४ वर्षदेखि नै अंग्रेजी माध्यमबाटै पढाउँदै आएको छ । प्रधानअध्यापक तुलसीप्रसाद अधिकारीका अनुसार बिद्यालयमा १ सय २० बिद्यार्थी पढ्दै आएका छन् । "सबै अंग्रेजी माध्यमबाट छोराछोरी पढाउन खोज्छन् । त्यही भएर हामीले कनिकुथी भए पनि अंग्रेजीबाटै पढाइरहेका छौं" उनी थप्छन् ।

रेडियोबाट विद्यालय हस्तान्तरणको खबर सुनेपछि बिद्यालयका शिक्षकहरूकै सक्रियतामा समुदायले जिम्मा लिएको बिद्यालय व्यबस्थापन समिति अध्यक्ष केदारनाथ अधिकारीले बताए । अधिकारी उक्त गाविसका निवर्तमान अध्यक्ष हुन् । व्यवस्थापकीय जिम्मा समुदायमा आएपछि शिक्षक अभिभावक दुवैमा बिद्यालय हाम्रो हो भन्ने भावना जागेको छ ।

समुदायले जिम्मा लिएको बिद्यालयमध्ये नेपालकै नमूना बिद्यालय बनेको छ ढिकुरपोखरीकै सिर्जना सामुदायिक मा.वि. । २०५९ भदौमा हस्तान्तरित यो बिद्यालयले पनि अंग्रेजी माध्यमको पढाइ सुरू गर्ने योजना बनाएको छ ।

पोखरा बजारमै रहेको शितलादेवी सामुदायिक प्रा.वि. पनि आउँदो वर्षदेखि अंग्रेजी माध्यमबाटै पढाइ गर्ने तयारीमा छ । ज्याला मजदुरी गर्नेका २ सय ५ बिद्यार्थी पढिरहेको यो बिद्यालयको भौतिक सुधारका लागि गत माघमा महापुराण लगाइएको थियो । महापुराणमा उठेको चन्दा ३९ लाखबाट बिद्यालयले आधुनिक भवन बनाउन आँटेको छ । आउँदो शैक्षिक सत्रबाट सस्तो शुल्कमा अंग्रेजी माध्यमको कक्षा चलाइने शिक्षिका टिकादेवी बरालले बताइन् । "चार वर्षभित्र नेपाली माध्यमलाई बिस्थापित गर्छौं" बिद्यालय व्यबस्थापन समिति अध्यक्ष टिका कार्कीले भने । निजी बिद्यालयमा पढाउने क्षमता भएका अभिभावक नभएकाले यही बिद्यालयमै सस्तोमा गुणस्तरीय शिक्षा दिन लागिएको हो ।

यो बिद्यालयको ८ सदस्यीय व्यबस्थापन समितिमा एकजना पनि अभिभावक छैनन् । समिति अध्यक्ष कार्कीका अनुसार ज्याला मजदुरी गर्ने अभिभावकहरूले समितिमा बस्न इन्कार गरेकाले यो अबस्था आएको हो ।

सरकारले पहिलो चरणमा देशका ९० विद्यालय समुदायको पोल्टामा हालिदिइसकेको छ । कास्की जिल्लामा माथिका बाहेक अमरज्योति नि.मा.वि., सराङ्कोट, धारापानी मा.वि., धारापानी, शान्ता प्रा.वि. सराङ्कोट र माछापुच्छ्रे प्रा.वि. नागडाँडा पनि समुदायले जिम्मा लिइसकेको जिल्ला शिक्षा अधिकारी लखन थापा बताउँछन् । समुदायले जिम्मा लिएका ८ वटै बिद्यालयमा शिक्षकको नियमित उपस्थिति र अभिभावकको निगरानीले पढाइ सुधिँदै गएको जिशिअ थापाको अनुभव छ ।

बिद्यालयलाई पर्खालले घेर्ने, शौचालय बनाउने, मेच, टेबुल र पुस्तकालयको व्यबस्था जस्ता भौतिक विकासका काममा समुदाय जुटेको छ ।

यी बिद्यालयले निजी श्रोतमा शिक्षक र कर्मचारीको व्यबस्था गरेका छन् । विद्यालयको भौतिक र शैक्षिक विकासका लागि समुदायमा हस्तान्तरित बिद्यालयलाई सरकारले दिन घोषणा गरेको एक लाख रकम छिट्टै पाउनुपर्ने उनीहरूको माग छ । सिर्जना सामुदायिक माविका प्रधानाध्यापक पद्मप्रसाद सुवेदी भन्छन् "घोषणा गरिएको १ लाख अनुदान रकम दिन ढिलाइ गर्नु भएन ।" अनुदान रकम बिद्यालयको भौतिक बिकासमा खर्चिने बिद्यालयहरूले योजना बुनिसकेका छन् ।

समुदायले अस्थायी शिक्षकलाई स्थायी गर्न कोष खडा गर्नुपर्ने शिक्षकहरूको माग छ । बिद्यालय सञ्चालनको आर्थिक जोहो गर्न गाउँ/सहरका खानी, वन पैदावार, हाट बजार मेला आदिको कर उठाउन पाउनुपर्ने कानुनी व्यबस्था हुनुपर्ने सिर्जना सामुदायिक मावि व्यवस्थापन समिति अध्यक्ष रामचन्द्र सुबेदी बताउँछन् ।

*शिक्षा लेख संगालो/शिक्षा पत्रकार समूह*